The Reality of Sonship
By Michael Shattuck
पुत्रत्व को सत्यता
द्वारा : माइकल शटक

The Reality of Sonship
पुत्रत्व को सत्यता
ख्रीष्ट मा नया सृष्टि को व्यक्तिगत जीवित वचन

The Reality of Sonship
By Michael Shattuck
पुत्रत्व को सत्यता
द्वारा : माइकल शटक

यो पुस्तक लाई कसरी पढ्नेः
1. यसलाई प्रतिदिन पढ्नुहोस्।
2. यसलाई प्रतेक समय आफनो मन, आत्मा अनी शरीर को सम्पुर्ण परिस्थितिमा हर समय अंगीकार गर्नुहोस।

ध्यानको लागी निम्न विधिहरूको प्रयोग गर्नुहोसः
1. शांत भएर बस्नु अथवा पल्टिनु।
   वचन को अंगीकार ऊँच्च स्वर बाट गर्नु।
   आफुले मन मा यो वचन लाई पटक पटक दोहराउनु।
   दोहराउनु, दोहराउनु, दोहराउनु।

निश्चित परिणाम
यदि जस्तो लेखिएको छ उस्तै प्रयोग मा लिनु।

All scripture references are from the King James Version of the Bible.
सबै धर्मशास्त्र लेख बाइबल का राजा याकूबको संस्करण बाट अनुवाद गरीएका हुन्छन।

यो किताब दुनियाभर मा 17 बिभिन्न भाषामा स्थानीय चर्च द्वारा अनुवाद गरीएका हुन्छ। यदि हजुरलाई कुनै विशेष भाषा मा यस किताबको खोज भएमा सम्पर्क गर्नुहोस्।
neeludaniel@yahoo.com

Michael Shattuck is a co-labourer with the Holy Spirit with a base at Celebration City, gathering in Portland, Oregon.

Ptd in the India All Rights Reserved
Published By :
Ptd by ;
First edition 2018-5000 copies

मानिस इजराएलिहरूले

सृष्टिकर्ता ईश्वर जब मानिस, येशु रूपमा यो संसार मा आउनु भयो त्यसपछि यस संसारमा उहाको केहिं परिचय नै भएन नत कसैले ग्रहण गरे, यहा सम्म वहा का आफनै मानिस इजरायल ले पनि ग्रहण गरेनन। जसले उहाको नाममा विश्वास गरे उनीहरूलाई आफना छोराछोरी बन्न अमुल्य अवसर दिनु भयो।

यो नया जींवन नया जन्म कसैको चाहना क्षमता या मानिस को कुशल कार्यहरूको कारण होइन, बल्कि परमेश्वरको इच्छा र उहाँको जींवनको कारण हो। हामी पनि त्यही इच्छाद्वारा संतान को यो अनमोल वरदान पॉउछौं।

ध्यान दिनुहोस्ः

येशुले हाम्रो तर्फबाट र हाम्रो लागी त्यो काम गर्नुभयो नतिजाको रूपमा हामी उहासंग न्याय संगत उचित र योग्य ठहरिंउ उहाले गरेको कामको माध्यमबाट।

रोमी 5ः8, र 2 कोरिन्थि 5ः14 ,19

ध्यान दिनुहोस्ः

येशु! पक्कै, हामी जस्तो बन्नु भयो, परमेश्वर ले उंहालाई एस्तै रीति ले हेरनु भयो जस्तै उहाले हामीलाई देखनु हुन्छ। ख्रीष्ट आउनु अघि हामी मराहार अवस्था मा थियौ। उहॉ हाम्रो लागी मर्नु भयो किनकी हाम्रो उहॉ संग को परिचय हुन सकोस्।

2 कुरिं 5ः21, यशा 53ः9, मत्ती 27ः46

म ख्रीष्ट संगै क्रूसमा टागिए।

गलती 2ः 20

म ख्रीष्ट संगै क्रूसमा टागिएको छु। मेरो पुरानो मनुष्यत्व उहा संग क्रुसमा नै टागियों। ख्रीष्टले मेरो पुरानो मनुष्यत्वलाई लिएर क्रूसमा नै टागिनु भयो र म उहॉ संगै मरे। मेरो पुरानो मनुष्यत्वलाई नास गर्नलाई क्रूस परमेश्वरको एउटै बाटो थियो। म उहा म संगै क्रूसमा टागिए अब

म जीवित छैन। अब मेरो पुरानो स्वभाव जीवित छैन, तर ख्रीष्ट येशु म मा जीवित हुनुहुन्छ। म परमेश्वर को पुत्रमा विश्वास द्वारा जींवित छु। म विश्वास को साथै हिंड्ने गरेको छु, दृष्टि ले होइन। मेरो जींवन परमेश्वरको बचन र उंहाको शक्तिमा विश्वासले संचालित छ। जो भन्नु हुन्छ उहाँ म तेहीं हु, मेरो समींपमा खींष्ट हुनुहुन्छ।

गलतीं 6:14

म खींष्टसंगै क्रूसमा टांगिएको छु। उहाँको क्रूसको कारण द्वारा म संसार र संसार मेरो लागीं क्रूसमा टांगिएको छ। निसन्देह म संसार मा छु, तर म संसार बाट होईन। संसारको म माथीं कुनै सार्वभौमिकता अथवा कुनै अधिकार नै छैन। क्रूस र उहाको लजालुपन निन्दाको पूर्ण अर्थ संसार को चमक धमक र छलकपट बाट अलग हुनु हो। म खींष्टसंगै क्रूसमा टांगिएको छु।

रोमीं 6:6

मेरो पुरानो मनुष्यत्व खींष्ट संग क्रुसमा नै टांगियों। मेरो पुरानो स्वभाव उहा संग क्रुसमा नै टांगिएको छ। मेरो पुरानो व्यक्तित्व उनीं संगै क्रूसमा कींलाले छेदिएको छ। म नया सृष्टि हूँ, नया व्यक्ति र नया मानिस हूँ। मेरो पापीं स्वभाव म बाट हटाइएको छ। अब म पापको दास रहेन। मेरो शरींर अब पाप को उपकरण होईन। मेरो शरींर नराम्रो काम लागीं र दुष्टता को कामहरूको लागीं निष्क्रिय र नपुंशक भएको छ। म पापको गुलाम अब होईन। पापको बन्धन म माथीं बाट टुटीं सकेको छ। मेरो पुरानो स्वभाव, मनुष्यत्व, व्यक्तित्व खींष्ट को साथ मैं क्रूसमा टांगिएको छ। मलाई थाहा छ र म यस कुरालाई जान्दछु मेरो पुरानो स्वभाव (हजुर को नाम) खींष्टको साथमा क्रूसमा चढाएको छ।

म खींष्टसित मरीं गए।

रोमीं 6:8

मेरो पुरानो मनुष्यत्व उहॉको साथ मरेको छ। म उहाँको मृत्यु मा सहभागीं छु। उहाँको मृत्यु मेरो मृत्यु थियो। मेरो पुरानो स्वभाव उहॉको साथ मरेर गयो। म उहॉको साथ संसार, पाप अनि बिमारींको को लागीं मरे। अब म उहाँको जींवन मा सहभागीं छु। म खींष्ट को साथ मरे।

कलस्सीं 2:20

म खींष्ट संगै मरेको छु। संसार तर्फ हेरने दृष्टिकोण उहॉसंगै अब मरेको छ। म संसारींक सिद्धान्तबाट आफुलाई अलग गराएको छु। अब म संसार ले चलाएर चल्दैन। अब म संसार को अधिकार को अधींनमा छैन। म खींष्ट को साथमा मरेको छु। म उहॉको संगै मरको छु, त्यो व्यवस्था को श्रापको लागीं जो मेरो लागीं उहाले सहनु भयो। म पाप, बिमारीं अनि गरींबीं को लागीं मरेको छु।

कलस्सी 3:3

म मरी सके, मेरो जीवन परपरमेश्वर मा ख्रीष्ट संग नै लुकेको छ। म ख्रीष्ट को साथ नै संसार अनि  सांसारिक चीज को लागी मरेको हु। मेरो सांसारिक इच्छाहरू ख्रीष्ट संगै मरेको छ । मेरो वास्तविक जीवन, असल व्यक्तित्व ख्रीष्ट साथैं परमेश्वर मा लुकेको छु। म ख्रीष्टको साथ परमेश्वर को रहस्यमय जीवनमा प्रवेश गरेको छु। परमेश्वरको साथ ख्रीष्टको एकतामा मेरो नया मनुष्यत्व सांसारिक दृष्टि बाट लुकाइएको छ।

रोमीं 6:10, 11

त्यो सबै तत्वको लागी ख्रीष्ट मर्नु भयो। म पनि मरे। जसरी ख्रीष्ट एक पटक सबको लागी पाप सजिलै भएर निस्कनु भयो अनि मर्नु भयो। त्यसै गरी म पनि आफुलाई उस्तै रीति ले, म पाप प्रति मरेको सम्झेको छु। म आफैलाई हेरदा, र आफनो विषयमा सोच्दा, म आफुलाई वास्तवमा पापको शक्तिको लागी मरेको देख्दछु।

येशु बिमारीको लागी र पापको निम्ती मर्नु भयो किनकी म पनि त उनको साथमा मरेको, म पनि पाप अनि बिमारीको लागी मरे। अब परमेश्वरको जीवन म मा छ। मेरो जीवन ख्रीष्टको जीवनमा उहॉसंग घुलिएको छ। म परमेश्वर को सेवा गर्न ख्रीष्ट को सहभगीतामा पूर्ण तरीकाले जीवीत छु। म धार्मिकता को निम्ती जीवीत छु। म शारीरिक स्वास्थको लागी जीवित छु।

मलाई ख्रीष्ट संग साथैमा गाडीदिएका थिए।

रोमीं 6:4–5

त्यो व्यक्ति जो म भन्दा पहिला ख्रीष्ट संग थियो उहा संगै चिहानमा गाडीएको छ। चिहानमा उनको साथ मेरो बिमारी र मेरो बन्धन गाडीएको छ। जस्तै उहा बुवाको कीर्ति को शक्तिको माध्यमले मरेकोहरू बाट जीवित उठाईयो, म उहाको अद्‌भुत जीवन को अधिकार को साथ हिंडेको छु। त्यो जीवन अब म मा छ र मलाई नियन्त्रण गर्छ। अब म नया संसारमा तेहीं जीवन द्वारा चलाएको ले चलने गर्छु। उहाँको जीवन जीउनु–उठनु अब म मा वास गरेको छ। त्यो जीवन जसले उनलाई नर्क र शैतान माथी विजय पाउन मा सहायता गरेयो त्यहीं जीवन अब म मा छ। म तीं कुराहरू बाट पूर्ण तरीकाले मुक्त छु, उहा मेरो लागी बन्नु भयो र मेरा लागी सहनु भयो, जसमा पाप, बिमारी, गरीबी, र बाध्यता को बन्धन छ। म एक अभिन्न अंग बनी सकेको छु किनकी म उहाँ संग मरे र उहाँ संगै गाडीएको र अब म उहाँको जीउने–उठने को माध्यम बाट उहाँको जीवीत भई उठने प्रकिया मा सहभागी छु।

कलसीं 2:12

पानी को बपतिस्मा मेरो उहा संग गाडीनु र पुनरूस्थानमा मेरो परिचय दर्शाउछ। म उहाको साथ गाडीएको छु। म उहा संग जीवीत भए। मेरो भुतकाल उहासंग गाडीएको छ। मेरो बिमारीहरू उहा संगै गाडीएको छ। मेरा असफलता र मेरो बन्धन उहा संगै गाडीएको छ। अब म मा नया पुनरूस्थानमा विजयीं भएको जीवन वास गरेको छ। म उहाको पुनरूस्थानको सामर्थ्यमा सहभागी भएको छु।

म ख्रीष्टको साथै जीवित पारीएको छु।

कलसी 2:13

म खीष्ट संग जीवीत परीएको हुं। बुवाले हामीहरूलाई एकै साथ जीवीत पार्नु भयो, उहाको पुनरूस्थानको सामर्थ्य अब म मा छ। परमेश्वर ले जुन तरीकाले येशुलाई मृत्क बाट जीवीत पार्नुभयो म लाई नीं उसै गरीं उठाउनु भयो। म उहाको जींवन देखीं भरपुर भए।

एफिसी 2:5

खीष्टलाई जीवन समर्पण गरेको हुनाले परमेश्वरले मलाई जीवन दिनु भएको छ, किनकी मेरो परिचय खीष्ट संग भै सकेको छ। परमेश्वर ले मलाई मरेको, गाडीएको र पुनर्जिवित भएको देख्नु भएको छ। म खीष्ट को साथैं जीवीत गरीएको हु। यहिं जीवन मेरो सांस लिएको छ। परमेश्वर ले मलाई स्वयं खीष्टको  जीवन दिनु भयो। यहिं जीवन द्वारा येशुलाई उठाउनु भयो। यहिं जीवन जसले येशु द्वारा अध्कारको शक्ति माथीं प्रभुता दिनू भयो।

म खीष्ट संगै विजय बने।

कलसी 2:15

उनको जीत मेरो जीत थियो, किनकी म उहा संगै चिनिएको छु। त्यो अध्यारो शक्ति माथीं मेरो लागीं विजय हुनुभयो। उहाँले उस माथीं अद्‌भुत तरीकाले विजय पाउनु भयो। उहाँको शानदार जीत मेरो जीत थियो। म उहाको जय–जयकार मा सहभागीं छु। जहा सम्म मलाई लाग्छ शैतान एक हारेको शत्रु हो। खीष्टको जीत मेरो जीत हो। शैतानको प्रभाव म माथीं बाट सकिं सकेको छ।

हिंबूहरू 2:14

खीष्ट को विजयको कारण ले शैतानले मेरो सामु आफूलाई शक्तिहीन गरेर समर्पण गरेको छ। उसलाई शक्तिहीन गरीएको छ। अपांग, कुचलेर, नचाहिंदो बनाएर फालिएको छ। म खीष्ट को साथ विजय भएको छु। खीष्टको जीत मेरो विजय हो, किनकी म खीष्ट संगै जीवीत गराएर उठाईएको हु।

म उहा संगै जीउदो भए

कलसी 3:1

खीष्ट संगै मेरो पुनरूत्यान भएको छ, यसतो भएको हुनाले अब मैले स्वर्गीय वस्तुको आनन्द उठाउन सक्छु, यहा खीष्ट बुबाको दाहिने बस्नु भएको छ। स्वर्गीय खजानाहरू अब मेरा हुन र म उनीहरूको आनन्द लिन सकने छु। खीष्ट मा परमेश्वरको सबै वस्तु अब मेरा हुन। म खीष्ट संग उठाईएको छु। म उहाको जीवित पारीएको कृपामा सहभागी छु।

एफिसिं 1:19–21

उहीं सामर्थ्य जसले येशुलाई मरेका हरू बाट जीवीत पानुभयो।, म मा कार्य गरेको छ। उहाँको पुनरूत्यानको शक्ति महानता, असीमित, अनंत, चकित र अद्‌भुत छ। उहाको पुनरूत्थानको सामर्थ्य म माथीं कार्य गरेको छ किनकीं म येशु संग जीवित भएको छु। म खीष्टको साथ उठाइएको हु।

म खीष्ट को साथ बसालिएकों छु।

एफिसी 1:19–21, 2:6, लूका 10:19

म ख्रीष्टको साथमा उठेको छु। त्यो सामर्थ्य जसले उहालाई सारा मानवता को शत्रुता माथीं विजय पाउनु भयो र उहालाई माथींल्लो स्थान मा बसाल्नु भयो र मलाई पनि उठाउनु भयो। मलाई उहाको साथ स्वर्गको स्थानहरूमा बसाउनु भयो। म उहा संग सिंहासन को अधिकार मा सहभागीं भएको छु। म उहा संगै पाप, बीमारीं, गरींबीं, शैतान यस्ता सबैं माथीं अधिकार राखेको छु। जो केहिं उहाको खुट्टा मुनीं छ मेरो पनि खुट्टा मुनीं तेहिं सबैं छ किनकीं मलाई उहा संग बसालिएको छ। सबै शासन अधिकार, शक्तिहरू र अधिकार को प्रभाव मेरो खुट्टा मुनीं छ। बीमारीं र गरींबीं मेरो खुट्टा मुनीं छ। शैतान खुट्टा मुनीं छ। मलाई अब सांप बिच्छुलाई कुचने अधिकार दिएको छ। मलाई शत्रुको सबै शक्ति माथीं अधिकार दिइएको छ।

अनंत जीवन

ख्रीष्टको आगमन र छुटकारा को योजना र मुख्य उद्‌देश्य

यूहन्ना 6:33, 10:10, 1यूहन्ना 1:1–2, 4:9

ख्रीष्टमा जीवन उदय भएको छ। वहा जीवनदाता हुनुहुन्छ। बाबु द्वारा छोरालाई पठाउनुको उद्‌देश्य मलाई जीवन दिनुथियो। स्वर्ग बाट तल आउनुको उद्‌देश्य ख्रीष्ट द्वारा मलाई जीवन दिनुथियो।, ईश्वरीय जीवन, अनंतकाल को जीवन। अब म मा त्यो जीवन छ।

रोमीं 5:18, 21

आदम को पाप संसार मा आत्मिक मृत्युलाई लिएर आयो, तर येशू को धार्मिकता ले अनंतकाल को जीवनको मार्ग खोलीं दियो। परमेश्वर को मुख्य उद्‌देश्य ख्रीष्ट मा मलाई जीवन दिनुथियो, र मलाई धर्मी बनाउनु थियो। ख्रीष्टको छुटकाराको कार्यले मलाई स्वतन्त्र गरेयो साथैं मलाई जीवन दियो। म परमेश्वर को साथमा उचित मानिएको छु, र म मा अनंतकाल को जीवन दिइएको छ। परमेश्वर को अनंत जीवन अब येशू ख्रीष्टमा मेरो हो।

यूहन्ना 3:14–16, 6:51, 1 थिस्स 5:10

येशू ले आफनो रगत मेरो लागीं बगाउनु भयो र मेरो लागीं जीवन त्याग गर्नुभयो यसको कारण वहाले मलाई जीवन दिंन चाहनुहुन्छ। उहाले मेरो पापको दण्ड तिर्नुभयो। अब म धर्मी बनाइएको छु, र म संग जीवन छ। पिताले मलाई स्वर्ग बाट यो जीवन दिनु भयो। अब यो जीवन म मा छ। अब म संग ईश्वरीय र स्वर्गको जीवन छ।

अनंतकाल को जीवन परमेश्वर को जीवन अनि स्वभाव हो।

यूहन्ना 1:4, 5:26

परमेश्वर आत्मा हुनुहुन्छ। उसैमा जीवनको वास छ। यो आत्मिक, अनंतकाल को जीवन हो। येशू को साथमा उस्तै प्रकार को जीवन थियो। म आत्मा हूँ। मैले उस्तै प्रकार को जीवन प्राप्त गरे। म परमेश्वर बाट जन्मेको हूँ र अब परमेश्वर को जीवन म मा छ। म मा त्यो जीवन छ जो अनंतकाल बाट वर्तमान सम्म छ। र जसको स्वंत अस्तित्व छ अनि भन्नुहुन्छ, म छु नीं।

एफ़िसी 4:17–18, 2 पत्रुस 1:4

अनंत जीवन परमेश्वर को जीवन हो, यो ईश्वरीय स्वभाव हो।म मा परमेश्वर को स्वभाव छ अनि जीवन छ। म यसको ईश्वरीय स्वभाव मा सहभागीं छु। म त्यो आत्मिक मृत्यु बाट बाचाइएको छु।

जुन पाप को कारणले गर्दा यस संसारमा आएको छ। परमेश्वरको को जीवन म भित्रमा छ। म उहाको साथैं उहाको व्यक्तिगत अस्तित्व मा सहभागी छु। किनकी म मा उहाको जीवन छ।

म मा अनंत जीवन छ।

यूहन्ना 3:3–6

वास्तवमा मेरो आत्मा नै मेरो असल व्यक्तित्व हो, जुन मेरो शरीर मा वास गरेको छ। येशूले आत्मालाई एक मानवको रूपमा सम्बोधन गर्नुभएको छ। म आत्मा हूँ। येशू द्वारा म परमेश्वर बाट जन्म लिएको हूँ। परमेश्वर मलाई पिताको रूपमा भेटिनुभयो। मैले नया जीवन प्राप्त गरे जुन माथी बाट छ। परमेश्वर को जीवन मलाई दिइएको छ। मैले परमेश्वर को स्वभाव अनि उहाको जीवन देखि नया जन्म प्राप्त गरेको छु। म परमेश्वरको जीवन र उहाको स्वभाव बाट जीवित छु। म बुवाको परिवार बाट हूँ।

हिब्रूहरू 12:9

जुन जीवन म मा छ, बुवाले मलाई दिनुभयो। म माथी उहाको जीवन छ। मलाई अनंत बुवाले दिनुभएको हो। परमेश्वर मेरो बुवा हुनहुन्छ। मेरो आफनो बुवा, र म उहाँको छोरा हु। उहाको स्वभाव म भित्र छ।

1 पत्रुस 1:23

मेरो नया जन्म परमेश्वर को तर्फ देखी उहाको बचन द्वारा मलाई दिइएको छ। उहाको जीवन भरपूर हुदाहुदै,  परमेश्वर को वचन म मा भरपूर वास गरेको छ। म परमेश्वर को लेपालक संतान हूँ जुन मलाई जीवन दिन्छ आफनो वचन को माध्यम द्वारा। म मा परमेश्वर को स्वभाव छ र जीवन छ। मैले जीवन को अविनाशी वचन द्वारा आत्मा मा एक नया जन्म को प्राप्ती गरेको छु। अब म परमेश्वर को छोरा हूँ। परमेश्वरले मलाई आफनो अविनाशी बीउ दिनु भएको छ। मलाई जीवीत बुवाको अविनाशी वचन द्वारा नया जन्म भएको छ।

एफ़िसी 2:1, युहन्ना 5 : 24

म पाप र दुष्टता बाट मरेको थिए। मृत्युले मलाई अल्झाएको थियो। तेहीपनि परमेश्वरले मलाई जीवीत पार्नुभयो। म मृत्यु बाट हुदैं जीवनमा प्रवेश गरेको हूँ। अब म संग अनंतकाल को जीवन छ। म तेही अनंतकाल को जीवन को आनंद लिएको छु। मैले मृत्यु को सीमाना पार गरेर जीवनमा प्रवेश गरेको हो। म मृत्युको चीजहरूबाट जीवनको चीजहरूमा गई रहेको छु।

रोमी 8:2 , 10

म जीवनले भरीपुर्ण छु। म जीवनको आनंद लिदैंछु। परमेश्वरको जीवन, स्वर्गको जीवन जो येशू ख्रीष्टमा थियो अब म मा वास गरेको छ। उसै जीवनले मलाई पाप अनि मृत्युबाट स्वतन्त्र गरेको छ। पुरानो मेरो स्वभाव मलाई छोडेर गयो र नया स्वभाव म मा आई सकेको छ, जसले मलाई स्वतन्त्र गरेको थियो। येशू ख्रीष्टले पुरानो व्यवस्था, पुरानो सिदान्त, पुरानो दशा अनि मृत्यु र पाप को पुरानो स्वभावलाई म बाट हटाई दिनुभयो। परमेश्वरको धार्मिकता, परमेश्वर को जीवन म भित्र दिइएको छ। परमेश्वरको जीवन अब म संग सांस लिन्छ र अब म एक नया व्यक्ति हूँ।

अनंत जीवन कसरी दिइयो

2 तिमोथी 1:10 , हिब्रु 2:9

येशूले आफनो आत्मा मेरा लागीं त्यो मृत्युलाई चाखेर मेरो पुरानो स्वभाव र आत्मिक मृत्यु को अन्त गरीदिनु भयो। उहाले मेरो पुरानो स्वभावलाई धुनु भयो। अब उहाको जीवन म मा छ। म मृत्युबाट निस्केर जीवनमा आई सके।

प्रेरितहरूका काम 2:24 , 27 , 28

येशू आत्मामा मेरो स्थानमा मर्नु भयो। उहाँले आत्मामा फेरी पुनरूस्थान गरिनुभयो, उहाँले मेरो पापको लागी उचित मूल्य तिर्नुभयो। मेरो पुरानो स्वभाव, आत्मिक मृत्यु म देखी टाढा गराइयो र खीष्टमा मलाई नया जीवन प्रदान गरीयो। परमेश्वरले खीष्ट को व्यक्तित्व मा मलाई जीवन दिनु भयो। येशूले मेरो पाप को दण्ड तिर्नु अनि मेरो मृत्यु आफू माथी लिनुको द्वारा यो जीवनलाई जीतनु भयो। अब यो जीवन म मा छ।

1 पुत्रस 3:18 , कलसी 1:18 , प्रकाशित वाक्य 1:5 , प्रेरितहरूका काम 13:32–34

येशू शारीरिक रूपले जीवित हुनु भन्दा पहिला, आत्मिक रूपले जीवीत पारिनुभयो। परमेश्वरले उहालाई आफनो आत्मामा जीवन दिनुभयो। येशू पहिलो हुनुहुन्थयो जो पुनर्जिवित हुनुभयो। उहाले मेरो निम्ती मृत्युलाई चाख्नु भयो। उहा मेरो निम्ती जीवीत पारीनुभयो।उहाले मेरो प्रतिनिध्वि गर्नुभयो। परमेश्वरले जुन जीवन उहाको छोरालाई दिनुभयो उसैको माध्यम बाट मलाई अनंतकाल को जीवन दिनुभयो। उहाले मेरो पुरानो स्वभाव र मेरो आत्मिक मृत्युलाई सहनु भयो। उहाले मेरो पापको दण्डको दुख भोगनु भयो किनभने हामी धर्मी बन्न सकौ र आत्मिक जीवन ग्रहण गर्न सकौ। उहाले मेरो लागी त्यो जीवन उपलब्ध गराउनु भयो र त्यही जीवन जो उहाँमा थियो, अब म मा छ।

कलसी 2:15 , प्रकाशित वाक्य 1:18 , रोमी 8:37–39

यो जीवन जसले येशू खीष्ट द्वारा दुष्ट आत्माहरू र नर्क को माथी विजय पार्नुभयो, यहीं जीवन म सग छ। म उहीं जीवन लिने बनेको छु। मैले जानी सके र मैले यो निष्कर्ष निकालेको छु कि कसैले मलाई हराउन सक्दैन। म विजयी भन्दा पनि माथी छु। म यहि कारणले विजयी भन्दा बढ़ेर छु किनकी त्यहीं जीवन जसको द्वारा येशूले नर्क माथी विजय पाउनु भयो, त्यहि म मा छ। उहाको जीवन म मा छ जसको द्वारा मलाई बहुतायत को जीत प्राप्ती भएको छ।

एफिसी 2:5 , कलस्की 2:13

परमेश्वरले येशू र मलाई एक साथ जीवित पार्नु भयो। मेरो परिचय उहाको पुनरूत्थान र उहाको विजयी घोषणाको साथै भई सकेको छ। म उहाको साथमै विजयी भए जब उहाले शैतानलाई अधिकार बाट निष्क्रय पारिदिनु भयो। म त्यस जीवनले भरीपूर्ण छु जसले येशूलाई नर्क माथी प्रभुता दिनुभयो। परमेश्वरले जुन जीवन खीष्टमा फूकनु भएको छ त्यहीं मलाई दिनुभयो। म मा खीष्ट को साथै त्यस नया जीवनमा सहभागी छु जसले उहाँलाई मरेको बाट उठाएको छ। उहाँको पुनरूत्थान, विजयी जीवन अब म मा छ।

रोमीं 6:4

म खीष्टको साथै गाडीएको छु र जुन रीतिले बुवाको महिमा द्वारा जीवीत पारीनु भयो अब म उहीं जीवनको अधिकार राखेको छु। अब म आफनो जीवनलाई नया स्वभाव, नया नियम को साथ चलेको छु। खीष्टको जीवन जीवीत पारीएको जीवन अब म मा छ। मलाई यो अद्भुत जीवनको आनंद उठाउन लाई दिएको छ । अब म मा पवित्रताको जीवन वास गरेको छ। यो जीवन जुनले

भित्र बाटै आफनो प्रभाव राखेको छ।
रोमी 6:5
म उहाको साथै जीवित हुनमा ख्रीष्ट संग संलग्न छु। म उहा संगै सहभागी छु। उहाको साथै मृत्युमा पनि संलग्न हुनु द्वारा म उहाको अंग भएको छु। उहाको मृत्यु र उहाको जीवित हुनुमा सहभागी हुनु द्वारा म उहाको स्वभाव मा संलग्न छु। उहाको जीवित भएको नया जीवन अब म मा वास गरेको छ। म उहाको जीवित भएको फुलवारीमा बिरूवालाई सिचाई गरेको झै छु जसको कारण म बहुतायत बाट फलदायक भएको छु।
रोमी 6:8
म, मेरो पुरानो आत्मिक स्वभाव ख्रीष्टको साथमा मरी सकेको छ र अब म आफनो नया आत्मिक स्वभावमा उहासंग नया जीवनमा सहभागी छु। म नया जीवन को साथ जीवीत छु जबदेखि त्यो आत्मामा जीवीत पारीनुभयो तबदेखि त्यो मलाई प्राप्ती भएको छ। म ख्रीष्टलाई जीवीत पारीनुमा सहभागी छु। त्यो जीवन जसले उहालाई नर्क माथी प्रभुता दिनुभयो त्यो अब मेरो हो।

येशूको साथ मरनाले मैले पाप, बीमारी, शैतान माथी विजय पाई सके म मरिं सकेछु अब सबैको लागी जसको लागी येशू मर्नु भयो। म जीवित छु त्यो सबको लागी जसको लागी उहा जीवीत हुनुहुन्छ, किनभने म मा उहाको जीवन छ म परमेश्वर जो वहा हुनुहुन्छ, र जो उहासंग छ, त्यसको लागी जीवित छु, ख्रीष्टको जीवनमा मेरो जीवन सुरक्षित छ। ख्रीष्टको जीवीत भएको जीवनमा जसमा उहाको पाप, बीमारी  र शैतान माथी विजय पाउनुभयो, अब म मा छ।

अनन्त जीवनले मेरो आत्मिक भोकको तृप्ती गरेओं।
यूहन्ना 4:14
म भित्र अनन्त जीवन जलको मुल बगीरहेको छ, यो बसन्तले मलाई अनन्त जीवनसंग भरिपूर्ण गरेको छ स्वर्ग म मा छ, र मलाई ताजापन दिंई राखेको छ, यसले नै मेरो सत्यताको तिर्खा बढ़ाउने गरेको छ। यो मेरो भित्री भागको अंगलाई तृप्त पारेको छ, किनकी यो स्वयं परमेश्वरको जीवन हो। यो परमेश्वरमा छ, त्यो उहाको जीवनमा छ, परमेश्वरले आफै मलाई संतुष्टि दिनुभएको छ।
यूहन्ना 6:35
येशू मेरो प्रभु जीवनको रोटी हो वहा म संग हुनुहुन्छ, म संग जीवन छ, यो जीवन मेरो आत्मिक भोकलाई सन्तुष्ट गरेको छ, यो मेरो भित्री गहिराईलाई भरेर र उत्साहित पार्ने गरेको छ। म संग स्वर्गको जीवन लगातार आउने गर्छ र म संग स्वर्गको आशीष, स्वर्गको आनन्द अनि स्वर्गको सन्तुष्टि लिएर आउछ। परमेश्वरले मलाई आफै भरी रहनु भएको छ।
यूहन्ना 7:38
जीवन दिने झरना म भित्रबाट बगेको छ, मेरो भित्री गहराई बाट जीवन बगेको छ, जीवनजलको बाढ़ी मेरो भित्र, मेरो हृदय बाट वेग बनी बगेको छ र मेरो सबै मनुष्यत्वलाई जीवन दिएको छ। र मेरो नजिक वरिपरी सबै लाई प्रभावित पारेको छ, मेरो हिर्दय बाट जीवन जलको झरना बगेको छ।
प्रकाश 21:6, 22:1, 27

म जीवनजल आफनो भरीपूर्णताको साथ निःशुल्क पिउन सक्छु। म त्यो जल निःशुल्क मा पिएको छु जुन स्वर्गको सिंहासन बाट आएको छ, पानी जो साफ, स्वच्छ छ यही जीवनमा मलाइ खनाईएको छ र स्वर्गलाई मेरो नजीक लिएर आउछ। यसले मलाई ऊर्जा दिनछ र म मा स्वर्गको जीवन निरन्तर बगीरहन्छ र स्वर्गको आशीष, स्वर्गको आनन्द और स्वर्गको वचन लिएर आउछ म त्यही जीवन बाट भरीपूर्णताको साथ संतुष्ट छु जुन म भित्र बगेको छ। म स्वर्ग को आशीषहरूको को स्रोत हूँ।

अनन्त जीवनलाई ग्रहण गरेर म शैतानको शासन बाट मुक्त भएको छु।

1 यूहन्ना 3:14–15, हिब्रु 2:14

मैले जाने कि म मृत्यु बाट जीवन मा प्रवेश गरेको हु। म मृत्यु बाट पार भएर जीवन मा प्रवेश भएको छु र शैतानको शासन बाट मुक्त भएको छु। म मृत्यु को क्षेत्र मा अधिकार गरेको छु। म मृत्यु बाट जीवनमा आएको हु। म उसको अधिकार बाट निक्लेर आएको छु। शैतानले मेरो जीवनको सामर्थय हीनता मा समर्पण गरेको छ। उ संग कुनै सामर्थय नै छैन, म अनंत जीवनलाई ग्रहण गरेको कारणले शैतानको अधिकार बाट छोडाइएको छु।

प्रेरितहरूको काम 26:18

येशू जीवन को प्रभु हुनुहुन्छ, उहा त्यो सबैको प्रभु हुनुहुन्छ जसले अनन्त जीवन पाएको छ। म मृत्यु बाट जीवनमा आएको हु। म त्यो क्षेत्र बाट जुन शैतानले राज्य गरेको छ निकलेर आएको हु। प्रभु येशू को राज्य/क्षेत्र मा म शैतानको शासनबाट प्रभु को राज्यमा निकलेर आएको हु । आत्मिक मृत्युले मलाई शैतानको विरासतमा राखी दिएको थियो अब मैले मृत्युको क्षेत्र छोडीदिए र प्रभु येशू को क्षेत्र मा आएको हूँ।

कलस्सी 1:13–14

म अंधकार को बंधनबाट मुक्त गरीएको छु र परमेश्वरको पुत्रको राज्यमा समावेश गरीएको हु म शैतानको राज्यबाट बाहिर आएको छु। म पुत्रको राज्यमा सम्मिलीत भए। म अंधकार बाट हुने ताकत देखि स्वतत्र गराइएको छु। जब मैले अनन्त जीवन ग्रहण गरे तब शैतानको राज्य बाट निसकेर परमेश्वरको छोराको राज्य मा नया संसार मा सम्मीलीत भए। उहा संग मेरो लागी मुक्तिको मार्ग, अनि म संग मुक्ति छ।

म स्वतन्त्र छु शैतानको गुलामी बाट जस्तै इस्राएली रातो सागर पार गरना साथ पिफरोन को गुलामी बाट स्वतन्त्र भएथे। शैतानले मेरो माथी, मेरो मन, मेरो पैसा अनि शरीर बाट आफनो शासन गुमाएको छ।

रोमी 5:17

म ख्रीष्टको नया जीवनको राजा हूँ। म जीवनको क्षेत्रमा राजा झै राज्य गरेको छु। आत्मिक मृत्युले मलाई शैतान संग पुर्याएको थियो। जीवनले मलाई उसको गुलामी देखी स्वतन्त्र गरेको छ। अनन्त जीवनले मलाई माथील्लो स्तरमा पुर्याएको छ। यसले मलाई एउटा राजा बनाएको छ। म राक्षस माथी राज्य गरेको छु। म बीमारी माथी राज्य गरेको हु। म पाप, गरीबी अनि परिस्थिती माथी राज्य गरेको छु। म येशु ख्रीष्छ द्वारा बहुमत बाट राज्य गरेको छु।

अनन्त जीवनले मलाई येशूको साथ एकता मा लिएर आएको छ।

1 यूहन्ना 5:11–13

परमेश्वरले मलाई अनन्त जीवन दिनु भयो।  वहाले म भित्र दिनु भएको जुन जीवन छोरामा छ, त्यो जीवन म मा छ। मेरो नजीक जीवन छ। म मान्छु, मलाई विश्वास छ, र मैले बुझेको छु कि अनन्त जीवन मेरो भित्र छ। परमेश्वरले मलाई जीवन दिनु भयो र त्यही जीवन जो छोरामा पनि छ, मेरो नजीक यो जीवन म मा छ। म अनन्त जीवन को तर्फ बढ़ी रहेको छु।

यूहन्ना 6:53–57

मैले उहाको शरीर खाएको, मैले उहाको रगत पिएको। उहा मेरो निम्ती मर्नु भयो। म संग जीवन छ। म अनन्त जीवनको तर्फ बढ़ी रहेको छु। म उहाको साथ एकता मा छु र उहा मेरा साथमा, अनन्त जीवन मलाई उहा संग एकता गासेको छ। उहाको जीवन जो अब म मा छ, त्यो जीवन हामीलाई एक बनाउछ। जसरी येशूले बुवा बाट यो जीवन पाउनु भयो उहा संग एकता बनाएर, यसतै गरी मैले येशू बाट यो जीवन पाएको उहाको एकतामा बाधिएर खीष्ट संग जीवनको प्राप्ती गरीररहेको छु। म उहाको एकतामा छु।

यूहन्ना 14:19–20

किन भने उहा संग जीवन छ, म संग पनि जीवन छ। उहा संगको जीवन उहाको भित्र छ, त्यही जीवन म संग नीं छ। येशू अनि म एउटा जीवनको सहभागी हौं। मैले थाहा छ कि म उहाको एकता मा छु र उहा मेरो एकता मा हुनुहुन्छ, हामीं एक छौं, उहा एउटा आत्मा हुनुहुन्छ। उहा संग जीवन छ। म पनि आत्मा हूँ र म मा पनि जीवन छ। म उहाको एकता मा छु र उहा मेरो एकता मा हुनुहुन्छ।

यूहन्ना 15:4–5

मेरे पास खुद यीशु को जीवन छ। म अनि येशू त्यो जीवनको सहभागी हौं। म उहाको साथ एकतामा छु। म परमेश्वरको छोराको जीवित सहभागितामा छु। जसरी डाली एकतामा छ दाखलता को साथमा। वहा दाखलता हुनुहुन्छ, म डाली हुं जसरी दाखलताको जीवनमा डाली फलेको छ त्यसै गरी उहाको जीवन परमेश्वरको जीवन। त्यो ईश्वरीय स्वभाव म मा मेरो द्वारा बगेको छ। मलाई मेरो जीवन उहा संग मिलेको छ। म उहाको जीवनमा सहभागी छु। यो जीवन जो मेरोमा फलफुल भएको छ यहीं खीष्टलाई म मा बढाएको छ। खीष्ट म मा बढ़ी रहनु भएको छ। येशू र म एक साथ बढ़ी रहेको छौं। जेसुकै नीं दाखलता मा छ डाली बाट भएर फलेको हुन्छ। जेसुकै उहामा छ यो सबै मा भएर बगने गर्छ। जो यो छ, उसैले सारा जीवन भरीएको छ जुन उहामा छ, म मा पनि छ। त्यो जेसुकै पनि दाखलतामा छ, म त्यहींले भरीएको छु। खीष्ट म मा हुनुहुन्छ म परमेश्वरत्व को सहभागिताले भरीएको छु।

म उहासंग एकता मा छु जसको साथ सारा ज्ञान र बुद्धि छ, म ब्रह्माण्ड को रचना र नियन्त्रितको एकता मा छु। म सबै अधिकार र सामर्थ्य को महान प्रभु को एकतामा छु। म खीष्टको एकता मा छु।

परमेश्वर को जीवनले मेरो वृद्धि बढ़ायो र मेरो व्यक्तित्व मा वृद्धि गरेको छ।

यूहन्ना 1:4 , 8:12

परमेश्वरको जीवनले प्रकाश दिन्छ। यहीं जीवन मा मेरो बुद्धि बढ़ाएको छ। मेरो मन मा मेरो आत्मा प्रकाश देखि पार हुदे त्यो अंधकार को ज्ञान बाट न बाधिंइकन मेरो मन आत्माले चलाएको मा चलिरहेको छ। मेरो मन आत्मा को प्रभावमा छ। परमेश्वरको जीवन मेरो मनलाई प्रकाशित गरेको

छ। म अंधकार बाट चलदैन, मेरो मन र व्यक्तित्व, परमेश्वर को जींवन द्वारा म मा छ, दासत्व बाट बंचित छ। त्यो जीवन, ख्रीष्टको जीवन मेरो प्राणमा ख्रीष्टको सबैं सम्पूर्णता र व्यक्तित्वले भरीपूर्ण पार्छ। ख्रीष्ट को सम्पूर्णता र व्यक्तित्व मेरो भित्र नै भएर रहेको छ। उहाको जीवन मेरो भित्र छ। परमेश्वर को ज्ञानले म माथीं अधिकार पाएको छ। येशू ख्रीष्टको व्यक्तित्व मा मा बनीं रहेको छ। म अंधकारमा हिंडेको छैन, किनकीं प्रभु येशूको जींवन म माथीं कार्यरत छ।

परमेश्वर को जींवनले म देखि पाप, बींमारीं र दिंयावल लाई हटाउछ।

1 यूहन्ना 3:9

म संग परमेश्वरको स्वभाव छ। त्यो ईश्वरींय जींवन म संग छ र मलाई नियन्त्रण गर्छ। म आफनो बुबा को स्वभाव र उहाको विरासत सम्हाले छु। उहाको जींवन पाप माथीं विजय पाई सकेको छु र अब मैले पाप गर्दैन। अब म पापको व्यवस्था देखि स्वतन्त्र छु। किनकीं परमेश्वरको जींवन म मा छ र मलाई नियंत्रण गरेको छ।

1 यूहन्ना 5:4

म परमेश्वर मा जन्म लिएको छु। यो जींवन जो परमेश्वर मा छ, म मा पनि छ, मैले संसार माथीं विजय प्राप्त गरेको छु। म मा परमेश्वरको जींवन सधैं मेरो बाहिंरीं, सांसारिक रूपमा विजय पाएको छु। मैले सांसारिक चींज जस्तै पाप, बींमारीं र शैतान माथीं अदभुत जींत पाएको छु। मैले राम्रो संग संसार माथीं जींत पाई सकेको छु किनकीं म परमेश्वरमा जन्म लिएको हूँ र उहाको जींवन म मा छ।

1यूहन्ना 5:18

मैले नया जींवन परमेश्वर बाट ग्रहण गरेको छु। मलाई परमेश्वर बुबा भेटिंनु भएको छ। परमेश्वरको छोरा को ईश्वरींय जींवनले मलाई सम्हालेको छ। शैतानले मलाई समाल्न सक्दैन। त्यसले मलाई  बाधन सक्दैन। परमेश्वरको जींवन जुन म माथीं फेलीं रहेको छ मलाई महिमा बाट भरीं रहेको छ। यो शैतान र बींमारींलाई चुम्बकींय ढंगले हटाउने गर्छ।

रोमीं 8:11

परमेश्वरको आत्माले मलाई मरो शरींर मा फेलींरहेको छ। परमेश्वरको जींवन म भित्र मेरो शरींरमा बगेको छ र मलाई ताजापन दिंने गर्छ अनि बींमारीं देखि स्वतन्त्र गरेर राख्छ। परमेश्वरको जींवन यहोवा का पाइलाहरू, ईश्वरींय, दैवींय (वैद्य), डॉक्टर मा छ। परमेश्वरको जींवन म माथीं कार्य गरींरहेको छ। र बींमारींलाई मेरो शरींर देखि हटाउदै मार्दै गरेको छ। परमेश्वरको आत्मा मेरो प्राण र शरींरमा परमेश्वरको जींवन लिएर आएको छ। त्यो मेरो पुरा मनुष्यत्वको सामर्थ र स्फूर्ति दिंने गर्छ। परमेश्वरको आत्मा म भित्र बगेको छ र मलाई र मेरो शरींरमा नया जींवनले भरेको हुन्छ।

रोमियों 5:10

म बचाईएको हु, मलाई निको पारीएको हो, सम्हालेको हो, छोडाइएको हो, र म मा ख्रीष्टको जींवन छ। यो जींवन मलाई पाप को बन्धन,बींमारीं को बन्धन र शैतानको बन्धन बाट स्वतन्त्र गरेको छ। परमेश्वरको जींवन म बाट पाप, बींमारीं र शैतानलाई हटाएको हुन्छ। म उहाको जींवन

जुन म मा छ, उसले मलाई बचाएको छ। प्रतेकदिन पाप र बीमारी को बन्धन बाट छोडाइ रहेको हुन्छु, उहाको जीउने जीवनको जो म भित्र छ, उहाको द्वारा अनन्त जीवन म भित्र बढ़ेको छ र विकसित भै रहेको छ।

यूहन्ना 6:33, 68

उहाको वचनले मलाई धेरै भन्दा धेरै अरू धेरै जीवन लिएर आएको छ। उहाको वचन जीवनले भरीपूर्ण छ। उहाको वचन मेरो भित्र बाट मलाई कोटाउछन र मलाई जीवन भर्छन।म प्रभुको वचन द्वारा, जीवनले भरीपूर्ण भै चलेको छु, जो अब म मा समावेश हुदै छ।

हिब्रु 4:12

परमेश्वर को वचन ऊर्जा को साथ जीवित छ। यो एउटा जीवित, उच्च शक्तिले र ऊर्जाले भरपूर्ण छ। यो जीवन र शक्तिले भरीएको छ। परमेश्वरको वचन परमेश्वरको जीवनले भरीपूर्ण छ। परमेश्वरको वचन, परमेश्वरको जीवनको म माथी मुझमें उन्नती हुदैछ। परमेश्वरको वचन तीखो र चोखो छ साथै म मा मेरो भित्र जीवन लीएर आएको छ। यो मेरो गांठो–गांठो र नाडी नाडी मा वार–पार छेदछ र म मा जीवन अनि सामर्थ्य लिएर आउछ।

गलाती 6:8

जती म प्रभुको वचनलाई आफनो भित्र लगाउछु उती नै धेरै भन्दा धेरै परमेश्वर को जीवनको कटनीले आफनो बाहिर काटेको छु। परमेश्वरको वचन उहाको सामर्थ्य र जीवनले भरीएको छ। म उहाको जीवन र ऊर्जाले भरीएको छु। परमेश्वर को वचन मा उहाको जीवन र ऊर्जा सम्मिलत छ। यो म मा बहुतायत संग मुटुको धडकन भएको छ। परमेश्वरको वचन मलाई भित्री रूपले जगाउछ र यहा जीवनको साथमा फैलाएको छ। परमेश्वरको जीवन मेरो भित्र बाट बाहिर फैलिन्छ।

यूहन्ना 10:10

म मा अनन्त जीवन छ। म संग त्यो बहुतायतको रूपमा छ। बहुतायत संग बढ़दै छ, म परमेश्वर को जीवनलाई लिनको लागी आफनो जीवन को क्षमता बढ़ाएको छु। म देखि जीवन अगि बढ़ी उच्च भै रहेको छ, म मा अन्नत जीवन छ। म संग यो जीवन छ जुन बहुतायतले बढ़दे जान्छ। यो म भित्र एउटा बाढ़ी आए झै बढ़ेको हुन्छ। स्वर्गको जीवन म देखि मेरो मार्फत एउटा खोला झै बगी रहेको छ। त्यहा एउटा जीवनको खोला छ, जुन म बाट बगी रहेको छ। परमेश्वरको चमत्कारी जीवन बचाउने मध्य जीवन, स्वर्गको जीवन म भित्र छ। यो म मा छ। यो म मा वचन र आत्माको माध्यम द्वारा विकसित हुदै छ र बढ़दै छ।

हाम्रो बाबा परमेश्वरले आफनो बहुमूल्य प्रेम को गुण, उपहार को स्वरूपमा हामीलाई ''संतान'' भन्नु र मान्नु को साथै देखाउनु पनि भयो । हामी परमेश्वर को छोरा को रूपमा संसार द्वारा परिचीत हुन सक्दैनौ किनकी संसारले परमेश्वरलाई जान्दैन। हामी सत्यको साथ यो समय मा 'परमेश्वरको संतान' हौं। यो हामीलाई थाहा छेन कि जब येशू आउनु हुन्छ तब हामी कस्तो हुने छौ। तर जब वहा आउनु हुन्छ ''उहा जस्तै बनेको, किनकी हामी उहालाई ठिक्क उस्तै प्रकारले हेरनेछौ, जस्तै वहा हुनुहुन्छ।

यो आशाले हामी लाई पवित्र बसनको लागी उत्साहित गरेको छ र यो पनि कि हामी धेरै भन्दा धेरै येशूको जस्तै बन्न सकौं, उहाको पुरा पवित्रातामा।

1यूहन्ना 3:1–3

हो बुबा , जो हजुरको बारेमा भनीएको छ म त्यो सबैमा सहमत छु।
म को हूँ, म के हूँ,
र म के गर्न सक्छु –हजुर मा।
पुत्रत्व को लेख धर्मशास्त्र को संदर्भ बाट

| | | | |
|---|---|---|---|
| मत्ती | 5:9 | गलाती | 4:5–7 |
| यूहन्ना | 1:12 | एफिसी | 1:5 |
| रोमी | 8:14–17 | फिलिप्पी | 2:15 |
| रोमी | 8:19 | हिब्रुहरू | 2:10 |
| रोमी | 9:26 | 1 यूहन्ना | 3:1,2 |
| गलाती | 3:26 | प्रकाशित वाक्य | 21:7 |

शहरमा एकत्रित हुने उत्सव
यो संगठनको कार्य ख्रीष्ट को शरीरको सहायता गर्ने माथी केन्द्रित छ। परिणाम–स्वरूप परमेश्वरको पुत्र का ज्ञान र उहाको प्रकाशनलाई बढ़ाउनु हो।

neeludaniel@yahoo.com